# सिस्ने गाउँपालिका मर्मत सम्भार कोष संचालन कार्यविधि, २०७८

प्रस्तावनाः सिस्ने गाउँपालिका क्षेत्रभित्र रहेका भौतिक पूर्वाधार, सम्पदा, उपकरण आदिको समयमानै मर्मत सम्भार गरि लागत प्रभावकारीताका माध्यमले खर्च मितव्ययीता र दिगो बनाउन आवश्यक भएको, मर्मत सम्भारलाई व्यवस्थित गरि नियमन गर्न र जवाफदेही बनाउन बाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सिस्ने गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "सिस्ने गाउँपालिका मर्मत सम्भार कोष संचालन कार्यविधि २०७८" रहेको छ।

(२) यो कार्यविधि तत्काल लागू हुनेछ।

२. **परिभाषा:** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यविधि" भन्नाले सिस्ने गाउँपालिका मर्मत सम्भार कोष संचालन कार्यविधि, २०७८ लाई बुझाँउने छ।

(ख) "गाउँपालिका" भन्नाले सिस्ने गाउँपालिकालाई बुझाँउनेछ।

(ग) "गाउँ कार्यपालिका" भन्नाले सिस्ने गाउँकार्यपालिकालाई बुझाउने छ।

(घ) "स्थानीय तह" भन्नाले सिस्ने गाउँपालिका वा नगरपालिकालाई बुझाउनेछ।

(ङ) "उपभोक्ता समिति" भन्नाले गाउँपालिकाको टोल र बस्ती क्षेत्रमा सञ्चालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समूहबाट उक्त योजना संचालन गर्न बनेको संगठन भन्ने बुझाउनेछ।

(च) "अध्यक्ष" भन्नाले सिस्ने गाउँपालिकाको अध्यक्षलाई बुझाउनेछ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सिस्ने गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउनेछ।

(ज) " भौतिक पूर्वाधार" भन्नाले गाउँपालिका क्षेत्र भित्रका सडक, ढल, पुल, कल्भर्ट, कुलो, खानेपानी, तटबन्ध, भवन, खेल मैदान तथा यस्तै अन्य सार्वजनीक संरचनाका अतिरिक्त पुरातात्विक, साँस्कृतिक, ऐतिहासिक सम्पदा वा सो जन्य पूर्वाधार समेतलाई सम्झनुपर्छ।

(झ) "समिति" भन्नाले यो कार्यविधि बमोजिम गठन हुने समितिलाई बुझाउनेछ।

३. **उद्देश्यः** यो कार्यविधिको उद्देश्य निम्नानुसार रहेको छ।

(क) भौतिक पूर्वाधारहरु दिगो रुपमा सञ्चालन भइरहने अवस्थाको सृजना गर्ने।

(ख) स्थानीय श्रम सिप र प्रविधिमा मर्मत सम्भार गर्न सकिने।

(ग) समयमानै मर्मत गर्दा थप धन, जन र संरचनाको नोक्सानी हुनबाट जोगिने।

(घ) संरचनाको तत्काल मर्मत सम्भार गर्न सकिने।

४. **मर्मत सम्भार कोष स्थापना:** (१) मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिने छ, जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछः

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

(ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

(ग) गाउँसभाबाट विनियोजित भएको रकम ।

(घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुबाट प्राप्त हुने रकम ।

(ङ) गाउँपालिका क्षेत्रभित्र संचालन हुने पूर्वाधार विकास सम्बन्धी योजनाहरुको कन्टिन्जेन्सी रकमको २० प्रतिशतले हुन आउने रकम ।

(च) अन्य स्थानीय तहबाट मर्मत सम्भार वापत प्राप्त हुने रकम ।

५. **खर्च गर्ने कार्यक्षेत्र:** (१) मर्मत सम्भार कोषबाट देहाय बमोजिकका क्षेत्रहरुमा खर्च गर्न सकिनेछ ।

(क) ढल मर्मत सम्भार, ह्युम पाइप खरिद तथा मर्मत कार्य ।

(ख) वडा कार्यालय/ सामुदायिक भवनहरु मर्मत कार्य ।

(ग) खानेपानी मुहान, पाइप तथा धारा मर्मत कार्य ।

(घ) नाली सरसफाई तथा मर्मत कार्य ।

(ङ) विद्युत लाईन मर्मत तथा भाँचिएको पोल मर्मत कार्य ।

(च) सडकका खाल्डा खुल्डी पुर्ने तथा मर्मत सम्भार गर्ने कार्य ।

(छ) तटबन्ध, बाँध मर्मत तथा ग्याविन जाली लगाउने कार्य ।

(ज) सामुदायिक विद्यालय/स्वास्थ्य केन्द्रहरुमा आकस्मिक भैपरी आउने मर्मत कार्य ।

(झ) पुल तथा कल्भर्ट मर्मत सम्भार कार्य ।

(ञ) वडा भित्र हुने भैपरी आउने आकस्मिक/ भैपरी आउने स-साना मर्मत कार्यहरु ।

(ट) मठ/मन्दिर/गुम्बा/चर्च/मस्जिद इत्यादि धार्मिक सम्पदाहरुको मर्मत सम्भार कार्य ।

६. **खर्च गर्ने विधि र प्रक्रिया:** (१) मर्मत सम्भार कोषमा रहेको रकम खर्च गर्ने विधि निम्नानुसार हुनेछः

क) एक पटकमा न्यूनतम रु.५०,०००/- सम्म गरी वर्षमा ४ लाखमा नबढ्ने गरि वा समितिको निर्णयानुसार खर्च गर्न सकिनेछ । त्यसरी खर्च गर्दा पूर्वाधार मर्मत को हकमा प्राविधिक लागत इष्मेट बमोजिम गर्नुपर्नेछ ।

ख) एक पटकमा अधिकतम रु.५,००,०००/- सम्मको मर्मत कार्य वडा समितिको सिफारिसमा मर्मत सम्भार कोष व्यवस्थापन समितिको निर्णयानुसार खर्च गर्न सकिनेछ । त्यसरी खर्च गर्दा पूर्वाधार मर्मतको हकमा प्राविधिक लागत इष्टीमेट बमोजिम गर्नुपर्नेछ ।

ग) रु.५,००,०००/- भन्दा बढी को मर्मत सम्भार कार्य मर्मत सम्भार कोष व्यवस्थापन समितिको सिफारिसमा गाउँकार्यपालिकाको निर्णयानुसार गर्न सकिने छ । त्यसरी खर्च गर्दा पूर्वाधार मर्मतको हकमा प्राविधिक लागत इष्टिमेट बमोजिम गर्नुपर्नेछ ।

घ) कार्य सम्पन्न भएपश्चात प्राविधिक मूल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्नेछ ।

ङ) आवश्यकता अनुसार अनुगमन प्रतिवेदन तथा आवश्यक विल भरपाई/डोर हाजिरीका आधारमा मर्मत कार्य गर्ने व्यक्ति/संस्थालाई भुक्तानी दिईनेछ ।

च) मर्मत सम्भार कोषको रकम प्रशासनिक खर्च, अनुदान तथा आर्थिक सहायतामा खर्च गर्न पाईने छैन ।

७. **मर्मत सम्भार कोष व्यवस्थापन समितिः** (१) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले सञ्चालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहनेछः

| | | |
|---|---|---|
| क) | गाउँपालिका अध्यक्ष- | अध्यक्ष |
| ख) | गाउँपालिका उपाध्यक्ष- | सदस्य |
| ग) | प्रमुख प्रशासकीय अधिकृत- | सदस्य |
| घ) | मर्मत सम्भार गरिने सम्बन्धित वडाका वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य- | सदस्य |
| ङ) | योजना शाखा प्रमुख- | सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) बैठकमा आवश्यकता अनुसारका सम्बद्ध विशेषज्ञ तथा कर्मचारीहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(४) समितिको बैठक सञ्चालन कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**८. मर्मत सम्भार कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) मर्मत सम्भार कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) गाउँपालिका क्षेत्रभित्रका विभिन्न आयोजनाहरुको प्राथमिकता तोकि मर्मत सम्भारको एकिकृत बार्षिक मर्मत सम्भार कार्यक्रम बनाउने।

ख) मर्मत सम्भार कोषमा रकम जम्मा गर्नको लागि श्रोत साधनको खोजि गर्ने।

ग) सडक, ढल, खानेपानी, सिँचाई, पुल, कल्भर्ट, तटबन्ध, भवन, सम्पदा लगायतका क्षेत्रहरुको नियमित, पटके, आवधिक वा आकस्मित मर्मत सम्भार/ स्तरोन्नती सम्बन्धी व्यवस्थापकीय कार्यहरु गर्ने।

घ) मर्मत सम्भारलाई दिगो र भरपर्दो बनाउने उपायहरुको खोजी गर्ने।

ङ) मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्यूनिकरण गर्न तत् सम्बन्धी कार्ययोजना बनाउने।

च) मर्मत सम्भार सम्बन्धी कार्यको अनुगमन तथा निरिक्षण गर्ने।

छ) आवश्कता अनुसार आकस्मिक/मोबाइल मर्मत टोलि गठन गरी कार्य जिमेवारी तोकी मर्मत सम्भारको कार्यलाई छिटो छरितो र प्रभावकारी बनाउने।

**९.मर्मत सम्भारको लागि योजना छनौट मापदण्डः** (१) उपभोक्ता समितिबाट र वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानीय हाटबजार व्यवस्थापन समितिबाट मर्मत सम्भारका लागि एकिकृत बार्षिक मर्मत कार्यक्रममा समाबेश गर्न भनी माग भई आएका योजनाहरु र गाउँपालिकाले आवश्यक ठानेका मर्मत सम्भारका कार्य देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्नेछ।

क) सबैभन्दा बढी क्षति भएको भौतिक संरचनाहरु।

ख) भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा।

ग) लाभान्वित हुने जनसंख्या वा घरधुरीको आधारमा।

घ) मर्मत सम्भारबाट हुने लाभको आधारमा।

ङ) सार्वजनिक भौतिक संरचनाको दिर्घकालिन उपयोगिता र आवश्यकताको आधारमा।

च) तत्काल मर्मत सम्भार गर्नुपर्ने आवश्यकताको आधारमा।

**१०.अनुगमण तथा सुपरिवेक्षणः**

(१) मर्मत सम्भार कोषबाट सञ्चालन हुने मर्मत सम्भार कार्यको अनुगमन तथा मुल्याङकन देहाय बमोजिम हुनेछ।

क) प्रत्येक मर्मतकार्यको अनुगमण वडा स्तरीय अनुगमन समितिबाट अनुगमन गर्नुपर्नेछ।

ख) आवश्यकता अनुसार मर्मत सम्भार कोष व्यवस्थापन समितिबाट समेत मर्मत कार्यको अनुगमन गर्नुपर्नेछ।

ग) वडा स्तरीय अनुगमन समितिले अनुगमनको प्रतिवेदन अर्धवार्षिक रुपमा मर्मत सम्भार कोष व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ।

घ) अनुगमन प्रतिवेदनमा औल्याइएका सुझावहरुलाई मर्मत सम्भार कोष व्यवस्थापन समितिमा छलफल गरि आवश्यक सुधार गर्नु पर्नेछ।

**११.संशोधन वा खारेजीः**

(१) मर्मत सम्भार कोष संचालन कार्यविधि संशोधन वा खारेज गर्नु परेमा गाउँ कार्यपालिकाबाट हुनेछ।

(२) यो कार्यविधिमा उल्लेख गरिएका कुराहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ।